# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. ०७७/७८

कागबेनी ,मुस्ताङ

गण्डकी प्रदेश,नेपाल

मिति-२०७७/०८/१०

सुचना ! सुचना !! सुचना !!!

विषयः स्वास्थ्य मापदण्ड तथा कोभिड-१९ सम्बन्धमा ।

विश्वव्यापि महामारीको रुपमा फैलिएको कोभिड-१९ को परिवेशमा सो को जोखिमबाट बच्नको लागि विभिन्न क्षेत्र तथा गाउँहरुबाट विविध खालका व्यवस्था एवं निर्णयहरु हुँदै आइरहेका छन । मौसममा आएको परिवर्तन सँगै **चिसो अत्यधिक बढिरहेको अवस्थामा** धर्मशाला, समाजघर जस्ता सामाजिक भवनहरुमा क्वारेन्टाइन बनाउँदा स्वास्थ्य मापदण्ड पुरा हुन नसक्ने तथा चिसोको कारण झन जटिल समस्या उत्पन्न हुने सम्भावना रहेको हुँदा बाहिरबाट आउने ब्यक्तिहरु, Home Isolation/Room Isolation मा वस्न र सम्पुर्ण ब्यक्तिहरुले **स्वास्थ्य मापदण्ड** बमोजिम सामाजिक दुरी कायम गर्न, तातो खानेकुरा तथा न्यानो कपडाको प्रयोग गरि **शरीरको तापक्रम सन्तुलित राख्न तथा मास्क र स्यानिटाइजरको अनिवार्य** प्रयोग गर्न अनुरोध गरिन्छ । यस गाउँपालिका अन्तर्गतका गाउँहरुले आ-आफाफ्नै किसिमले गरिएको **lockdown** का कारण सरकारी संस्थाबाट सञ्चालित काम कारवाहि तथा निर्माण कार्य समेत प्रभावित भएको र अन्य विभिन्न समस्या हुन सक्ने देखिएकोले आजका मिति देखि सार्वजनिक कार्यालय, मठ, मन्दिर, धार्मिकस्थल, गुम्बा, बाटो, घाटो लगायतका स्थलहरुमा प्रवेश रोक नलगाउन तथा भौतिक संरचना, राजमार्ग, बाटोहरुमा अवरोध नगरीदिइ भौतिक निर्माण तथा सरकारी कामकाजहरु सुचारु गर्न सहयोग गर्नका लागि समस्त वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका बासिन्दाहरुलाई हार्दिक अपिल गर्दै यो **सुचना अनुसार कार्यान्वयन नगरेमा कानुन बमोजिम कारवाहि गरिने ब्यहोरा समेत जानकारी गराउँदछु ।**

फेन्चोक छेतेन गुरुङ

अध्यक्ष

फेन्चोक छेप्तेन गुरुङ

अध्यक्ष

सम्पर्क नं.:९८५७६३६५५५ ,इमेल : info@varagungmuktichhetramun.gov.np,वेबसाइट :www.varagungumuktichhetramun.gov.np